# नेपाल सरकार
# गृह मन्त्रालय

**International Day Against Drug Abuse and Illicit Trafficking, 26 June 2019**

## आदरणीय कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका, संवैधानिक निकायका विशिष्ट महानुभावज्यूहरू तथा नेपाल सरकारका विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरू

## 'लागू औषध दुरूपयोग तथा ओसारपसार नियन्त्रण र रोकथाम हामी सबैको साझा जिम्मेवारी'

प्रत्येक वर्ष जून २६ मा लागू औषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइन्छ। नेपालमा पनि "समृद्ध राष्ट्र निर्माणका लागि लागू औषध रहित स्वस्थ जीवन'' भन्ने नाराका साथ यो दिवस सप्ताहव्यापी रुपमा आषाढ ५ देखि ११ (तदनुसार जून २० देखि २६) सम्म विशेष कार्यक्रम सहित भव्य रुपमा मनाइरहेको जानकारी गराउँदछौं।

नेपालमा वि.सं. २०६३ मा गरिएको सर्वेक्षणमा कडा खाले लागू औषध प्रयोगकर्ताहरुको संख्या ४६,३०९ थियो भने २०६९ को सर्वेक्षणमा यो संख्या ९१,५३४ पुगेको छ। उक्त तथ्यांकले नेपालमा वर्षेनी ११.३६ प्रतिशतले लागू औषध प्रयोगकर्ताहरुको संख्यामा वृद्धि हुने गरेको देखिन्छ। देशको जनसांख्यिक लाभको रुपमा रहेको अमूल्य जनशक्ति एकातिर लाखौंको संख्यामा कामका लागि वैदेशिक रोजगारमा जानु अर्कोतर्फ डेढ लाख भन्दा बढी युवा लागू औषधको कूलतमा फस्नु अत्यन्त चिन्ताको विषय भएको छ। यसबाट नेपाली समाजका विद्यमान समस्याहरु मध्ये युवा वर्ग लागू औषधको कूलतमा फस्नु पनि एक प्रमुख समस्याको रुपमा देखिएको छ।

कुनै पनि समाजको प्रगति र विकासको केन्द्रविन्दुमा रहेको युवा वर्ग नै लागू औषध दुर्व्यसनको कुचक्रमा फसेमा समाजको स्थिति सोचनीय हुन्छ नै। लागू औषध दुर्व्यसनको यो अवस्थाले एकातिर समुदायस्तरदेखि नै स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न चुनौती सिर्जना गरेको छ भने अर्कोतर्फ दिगो विकास लक्ष्य हासिल गर्न समेत अवरोध सिर्जना गरेको छ।

अतः लागू औषधको माग घटाउने र आपूर्ति नियन्त्रण गर्ने सन्तुलित नीतिको प्रभावकारी कार्यान्वयनका लागि विधि निर्माताहरुको निरन्तरको मार्गदर्शन र निगरानी आवश्यक पर्दछ भने नेपाल सरकारका सबै मन्त्रालय, सचिवालय, विभाग र कार्यालयहरुले आ-आफ्नो जिम्मेवारी अनुरुप लागू औषध नियन्त्रण र रोकथामको विषयलाई प्राथमिकताका साथ व्यक्ति, परिवार, समाज र राष्ट्रियस्तरमा अभियानको रुपमा सञ्चालन गर्नु पर्दछ। यस सम्बन्धमा लागू औषध सम्बन्धी अपराधका लागि फौजदारी न्याय निरुपण प्रणालीको समेत महत्वपूर्ण भूमिका हुन्छ।

गृह मन्त्रालय लागू औषधको आपूर्ति नियन्त्रण कार्यमा निरन्तर रुपमा लागि रहेको जानकारी गराउँदै अन्तर सम्बन्धित विषयको रुपमा रहेको लागू औषध दुरुपयोगको रोकथाम, प्रयोगकर्ताहरुको उपचार तथा पुनर्स्थापना र जोखिम न्यूनिकरणमा सम्बद्ध सबैको सामूहिक प्रयास अपरिहार्य छ। लागू औषधको मागलाई नघटाएसम्म यसको खेती, उत्पादन र ओसारपसारको पूर्ण नियन्त्रण सम्भव नहुने हुँदा सम्बद्ध सबैले समग्र र संवेदनशील तवरबाट यसको रोकथाम र नियन्त्रणको प्रयास गरौं। हामी सबैले आ-आफ्नो तह र तप्काबाट लागू औषध दुरुपयोगको समस्याबाट सृजना हुने हानी, नोक्सानी रोकथाम र न्यूनीकरण गर्न योगदान दिउँ जसले गर्दा हामी एक स्वस्थ र सुखी समाजको दिशामा अग्रसर हुन सकौं। हामी अलग अलग, व्यक्तिगत तवरबाट र एकापसमा सहकार्य एवं साझेदारी गरी दूरगामी महत्वको यस कार्यमा योगदान गरौं। राष्ट्रका भविष्यका कर्णधार युवा पुस्तालाई सही दिशा दिउँ, राष्ट्रको समृद्धि र विकासका लागि आधार तयार गरौं। मानिसको जीवन रक्षा गर्न र समाजलाई अपराध र रोगबाट जोगाउन यहाँहरुको तर्फबाट लागू औषध रोकथाम र नियन्त्रणको क्षेत्रमा सक्रिय योगदानको अपेक्षा राखेको छु।

#Health4Justice
#Justice4Health


**नारायण प्रसाद शर्मा दुवाडी**
सहसचिव एवं मुख्य लागू औषध नियन्त्रण अधिकारी
गृह मन्त्रालय
फोन नं. : ०१४२११२५४
Email ID: drug@moha.gov.np

'समृद्ध राष्ट्र निर्माणका लागि लागू औषध रहित स्वस्थ जीवन'

## नेपालमा लागू औषध नियन्त्रण सम्बन्धी विद्यमान ऐन, कानून र नीतिगत व्यवस्था

- लागू औषध नियन्त्रण ऐन, २०३३ :  लागू औषधको अवैध खेती, उत्पादन, बिक्री वितरण, सञ्चय र सेवनलाई नियन्त्रण गर्न।
- लागू औषध राष्ट्रिय नीति, २०६३ : लागू औषध रहित स्वस्थ र समुन्नत समाज प्राप्तिको सोचसहित।
- लागू औषध नियन्त्रण रणनीति, २०६६ : बहुआयामिक पक्षमा कार्यक्रम सञ्चालन गरि दुर्व्यसनरहित समाज सिर्जना गर्ने लक्ष्य सहित।
- मौखिक प्रतिस्थापन उपचार पद्धति कार्य सञ्चालन निर्देशिका, २०७० : लागू औषध प्रयोगकर्ताहरुलाई दुर्व्यसनमुक्त गरी जोखिम न्यूनीकरण गर्न।
- लागू औषध प्रयोगकर्ताहरुका लागि उपचार तथा पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०७५ :  उपचार तथा पुनर्स्थापना सेवालाई प्रभावकारी बनाउन।
- लागू औषध नियन्त्रण कार्ययोजना, २०७५ :  अभियानको रुपमा लागू औषध नियन्त्रण र रोकथाम कार्यक्रम सञ्चालन गर्न।
- लागू औषधको नियन्त्रण र रोकथाम सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा स्थानीय तहलाई मार्गदर्शन २०७६ :  समुदायस्तरमा लागू औषध दुरुपयोग नियन्त्रण र रोकथामका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनका लागि सहजीकरण गर्न।
- संयुक्त राष्ट्र संघ, बिम्स्टेक तथा सार्कमा लागू औषध सम्बन्धी अनुमोदित सन्धिहरु : अन्तर्राष्ट्रिय समन्वयमार्फत् लागू औषध दुरुपयोग ओसारपसार नियन्त्रण गर्न।
- सन् २०१७ मा नेपाल र भारत सरकार बीच लागू औषध नियन्त्रण सम्बन्धी समझदारी : लागू औषधको दुरुपयोग र अन्तरदेशीय ओसारपसार नियन्त्रण गर्न।

## दिगो विकास लक्ष्य प्राप्ति र ड्रग समस्या समाधानको अन्तर सम्बन्ध




### लागू औषध दुर्व्यसन नियन्त्रण विकासको मुद्दा (Development Agenda) हो।

साझा लक्ष्य प्राप्तिका लागि विकास सम्बद्ध नीति र लागू औषध नियन्त्रण एवं रोकथामका प्रयासलाई सँगसँगै लैजानु आवश्यक छ। खासगरी गरिबी न्यूनिकरण, स्वास्थ्य सेवामा पहुँचमा सुधार, वातावरण संरक्षण, लैंगिक समानता र महिला सशक्तिकरण, समावेशी र गुणस्तरीय शिक्षा, हिंसा नियन्त्रण र सीमान्तीकृत जनसमुदायहरुको मानव अधिकार संरक्षण सम्बद्ध दिगो विकास लक्ष्यहरुको प्राप्तिका लागि यी दुई विषयलाई पृथक पृथक रुपमा सोच्ने विगतको दृष्टिकोणमा आमूल परिवर्तनको आवश्यकता छ किनभने लागू औषध नियन्त्रण विकासको मुद्दा हो। यदि विकास समुदाय यो सवालमा मौन रहेमा यसले धेरै दिगो विकास लक्ष्यहरु पूरा गर्ने तर्फका प्रयास र प्रगतिलाई सीमित गर्नसक्छ।

डेढ लाख कर्मठ उमेर समूहका युवा लागू औषधको दलदलमा फस्दा एकातिर ती युवाबाट विकास अभियानमा योगदान हुन सकेको छैन भने अर्कोतिर उनीहरुको स्वास्थ्य उपचार, पारिवारिक, सामाजिक असर, आर्थिक नोक्सानी, रोकथाम तथा पुनर्स्थापना र अपराध नियन्त्रणमा उल्लेख्य श्रोत साधन खर्चिनु परेको छ। स्वस्थ र स्वच्छ युवा जनशक्ति विना राष्ट्र विकास असम्भव प्रायः हुन्छ। तसर्थ दिगो विकास लक्ष्य एवं सरकारले लिएको समृद्ध नेपाल र सुखी नेपालीको अकांक्षा पूरा गर्न लागू औषध दुर्व्यसन समस्याको समाधान जरुरी छ। लागू औषध दुर्व्यसन र अवैध ओसारपसार विकास र समृद्धिको बाधक हो भन्ने तथ्यलाई हृदयंगम गर्नु अत्यन्त आवश्यक छ। लागू औषध नियन्त्रण प्रयासलाई प्रत्येक शासकीय तहको नीति र कार्यक्रममा मूलप्रवाहीकरण गरी स्वस्थ, सभ्य, सदाचारी र अपराधमुक्त समाज निर्माणको महाअभियान सञ्चालन गरौं।

'समृद्ध राष्ट्र निर्माणका लागि लागू औषध रहित स्वस्थ जीवन'